सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अकं २६ संवत २०८२ साल पौष ०१ गते https://sarumaranimun.gov.np

## अभिमुखिकरण कार्यक्रम सम्पन्न



अपाङ्गता भएका व्यक्तिहरुका लागि विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सरुमारानी गा.पा.को सभाहलमा मिती २०८२/०८/११ गते सम्पन्न भएको छ। गाउँपालिका अपाङ्गता सञ्जाल को उपाध्यक्ष श्री थमन सोमै मगरको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, विपद् सम्पर्क व्यक्ति, महिला तथा वालवालिका शाखाका संयोजक संजालका पदाधिकारी सहित ६ महिला र १० पुरुष गरि कूल १६ जनाको उपस्थिती रहेको थियो। कार्यक्रममा विपद् संवेदनशील सामाजिक सुरक्षा, विपदका शव्दावलीहरु, पूर्वानुमानमा आधारित पूर्वकार्यहरु, झटपट झोलाको महत्व र आवश्यकता, विपद्का वेला बढी जोखिमा पर्ने मानिसहरु, सामाजिक सुरक्षा कार्यक्रमहरुमा विपदले पार्ने प्रभावहरु, मौसम पूर्वानुमानका सूचना र वुलेटिनहरु, विपद् व्यवस्थापनमा जोखिम् वर्गका मानिसहरुको प्राथमिकीकरण लगाएतका विषयहरुमा विस्तृत छलफल भएको थियो। यस्तै विपद्को समयमा मात्रै नभएर अन्य समयमा समेत अपाङ्गता भएका व्यक्तिहरुले थुप्रै समस्या र चुनौतीहरु सामना गर्नु परेको, आगामी १७ गते ३४ औं अपाङ्गता दिवसको अवसरमा संजालको पुनर्गठन गरि प्रभावकारी तवरले अघि वढ्नुपर्ने कुरा अपाङ्गता सन्जाल को सदस्य हिमानन्द आचार्यले बताउनु भएको थियो।



# बैठक एवं स्वागत कार्यक्रम सम्पन्न

सरूमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री त्रिविक्रम खड्का ज्यूको अध्यक्षतामा शाखा प्रमुखहरूको बठक सम्पन्न भएको छ । सोहि अवसरमा सरूवा भई आउनुभएका ईन्जिनियर दिपेन्द्र घर्तिमगर, सहायक लेखा अधिकृत श्री राम बहादुर बस्नेत र नयाँ नियुक्ति हुनु भएका नागरिक आरोग्य सेवा केन्द्रका वैद्य श्री उमेश थारूको एक कार्यक्रम बिच स्वागत समेत गरिएको छ ।











# सवलिकरण कार्यक्रम सम्पन्न

सरूमारानी गाउँपालिकाको समन्वय र UK International Development तथा ADAM SMITH INTERNATION समर्थ परियोजनाको प्राविधिक सहयोगमा गाउँपालिका अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा,प्रमुख प्रशासकिय अधिकृत त्रिबिक्रम खडका, प्रवक्ता ,वडा अध्यक्षहरू,शाखा प्रमुखहरू प्रमुखहरू सहभागीतामा "पालिका स्तरिय सह-सृजन (Co-Creation) समर्थ लैङ्गिक तथा मानव विकास परिणामहरूमा वृद्धिका लागि प्रणाली सवलिकरण कार्यक्रम" गाउँपालिकमा मिति २०८२-०८-१७ गते सम्पन्न भएको छ । उक्त कार्यक्रमको सहजिकरण समर्थ परियोजनाका लुम्बिनी प्रदेश प्रमुख सुवास यादव र लुम्बिनी प्रदेस स्वास्थ्य विज्ञ दान बहादुर खडकाले गर्नु भएको थियो । साथै कार्यक्रम संचालन स्वास्थ्य शाखा प्रमुख टेकेन्द्र रायमाझीले गर्नु भएको थियो ।








# ३४ औं अन्तर्राष्ट्रिय अपांगता दिवस कार्यक्रम सम्पन्न




"अपाङ्गता समावेशी समाजको प्रबर्धन ,सामाजिक उन्नतिको संबर्धन" भन्ने मुल नाराका साथ सरूमारानी गाउँपालिकाको आयोजनामा पालिका स्तरीय अपांग संजालका अध्यक्ष खोपिराम ठेणीको अध्यक्षतामा,गाउँपालिका अध्यक्ष झग बहादुर विश्वकर्माको प्रमुख आतिथ्यतामा,प्रमुख प्रशासकिय अधिकृत त्रिबिक्रम खड्का, प्रवक्ता ,वडा अध्यक्षहरूको आतिथ्यतामा,अपांगता भएका व्यक्ति तथा संरक्षकहरूको उपस्थितिमा ३४ औं अन्तर्राष्ट्रिय अपांगता दिवस २०८२ (Dec-3)"बहुउद्देश्यीय सभाहल बड्डाँडामा २०८२।०८।१७ गते सम्पन्न भएको छ । साथै हिमानन्द अर्यालको अध्यक्षतामा ११ सदस्यीय पालिका स्तरीय अपांग संजाल समिति पनि पुनःगठन गरिएको छ।





# अभिमुखिकरण कार्यक्रम सम्पन्न





प्रविधिको सहि प्रयोग गरौं:लैङ्गिक हिंसा अन्त्य गरौ", UNITE TO END DIGITAL VIOLENCE AGAINST ALL WOMEN AND GIRLS" भन्ने मुल नाराका साथ मिति २०८२ मंसिर ९ देखि शुरु भएको लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान सरूमारानी गाउँपालिकामा २०८२।०८।०९ गते उद्घाटन गरि २०८२।०८।२४ गते सम्पन्न भएको छ ।लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान हरेक बर्ष नोभेम्वर २५ देखि डिसेम्बर १०,(मंसिर ०९ देखि २४ गते सम्म) मनाइदै आएको छ । नोमेवम्बर २५ (अन्तर्राष्ट्रिय महिला हिंसा उन्मूलन दिवस) देखि डिसेम्बर १० (मानव अधिकार दिवस) सम्म सञ्चालन भएको यो कार्यक्रम सरुमारानी गाउँपालिकामा तथा विभिन्न वडामा अन्तरक्रिया कार्यक्रम सचेतनामूलक तालिम,र्याली र हस्ताक्षर अभियान सञ्चालन गरि मिति २०८२।०८।२४ गते सफलता पूर्वक सम्पन्न गरिएको हो।





## अनुदान सम्झौतामा हस्ताक्षर सम्पन्न




नेपाल सरकार , बन तथा बाताबरण मन्त्रालय र सरुमारानी गाउँपालिकाबिच जलबायु अनुकुलन योजना सम्बन्धी अनुदान सम्झौतामा हस्ताक्षर मिति २०८२ मंसिर २५ गते सम्पन्न गरिएको छ। सम्झौताको अबधी दुई बर्ष रहनेछ ।यो परियोजना अन्तर्गत दुई बर्षभित्रमा कम्पोस्ट मल उत्पादन,रिचार्ज पोखरी निर्माण,फोहोर मैला ब्यबस्थापन ,वातावरण संरक्षण लगायतका बिषयमा काम हुनेछ।





# वृत्ति मार्ग निर्देशन  प्रशिक्षण कार्यक्रम सम्पन्न




सरुमारानी गाउँपालिकाको आयोजना र HELVETAS, EnSSURE project को प्राविधिक सहयोगमा विद्यालयका शिक्षकहरूको लागि वृत्ति मार्ग निर्देशन कार्यक्रम संचलन सम्बन्धि (Career guidance Program in school ) प्रशिक्षक प्रशिक्षण कार्यक्रम मिति २०८२-०८-२३ गते देखि शुरु भई मिति २०८२।०८।२८ गते सरूमारानी गाउँपालिकामा सम्पन्न भएको छ ।१० वटा माध्यमिक तहका २० जना शिक्षकलाई यो तालिम दिएको हो । तालिम पश्चात प्रशिक्षण प्राप्त प्रशिक्षक ज्यूहरु आफ्नो विद्यालयमा सिकेका कुराहरुको उचित मार्गदर्शन सहित प्रशिक्षण गर्नुहुने छ भन्ने गाउँपालिका पूर्ण विश्वत रहेको छ ।





# आ.व.२०८२।०८३ को प्रथम चौमासिक सम्मको क्षेत्रगत विवरण ।

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|
| आर्थिक विकास | २,७६,९३,१६६.०० | ८,१४,२३३.०० | २.९४ | २,६८,७८,९३३.०० |
| कृषि | ५८,०४,०००.०० | ३,०२,०२८.०० | ५.२ | ५५,०१,९७२.०० |
| उद्योग | १६,००,०००.०० | १,३१,६०८.०० | ८.२३ | १४,६८,३९२.०० |
| पर्यटन | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| जलश्रोत तथा सिंचाई | १,३५,४३,१६६.०० | ०.०० | ० | १,३५,४३,१६६.०० |
| पशुपन्छी विकास | ६४,४६,०००.०० | ३,८०,५९७.०० | ५.९ | ६०,६५,४०३.०० |
| सामाजिक विकास | २५,११,०८,२०९.०० | ४,३२,९०,४३४.०५ | १७.२३ | २०,७८,१७,७७४.९५ |
| शिक्षा | १८,३६,२६,८२६.०० | ३,७०,७६,९२७.०० | २०.१९ | १४,६५,४९,८९९.०० |
| स्वास्थ्य | २,८४,००,०००.०० | ५२,५४,९६२.०५ | १८.५ | २,३१,४५,०३७.९५ |
| खानेपानी तथा सरसफाई | ९७,९६,३८३.०० | १६,५००.०० | ०.१७ | ९७,७९,८८३.०० |
| भाषा तथा संस्कृति | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २,१३,२५,०००.०० | ५,२३,६००.०० | २.४६ | २,०८,०१,४००.०० |
| युवा तथा खेलकुद | १२,१०,०००.०० | १,६०,०००.०० | १३.२२ | १०,५०,०००.०० |
| सामाजिक सुरक्षा तथा संरक्षण | ६६,५०,०००.०० | २,५८,४४५.०० | ३.८९ | ६३,९१,५५५.०० |
| पूर्वाधार विकास | ७,३४,७३,६२५.०० | ०.०० | ० | ७,३४,७३,६२५.०० |
| यातयात पूर्वाधार | ७,२५,४८,६२५.०० | ०.०० | ० | ७,२५,४८,६२५.०० |
| भवन, आवास तथा सहरी विकास | ६,७५,०००.०० | ०.०० | ० | ६,७५,०००.०० |
| संचार तथा सूचना प्रबिधि | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| सम्पदा पूर्वाधार | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४,१४,१०,०००.०० | २४,८५,४८१.०० | ६ | ३,८९,२४,५१९.०० |
| बन | ३०,००,०००.०० | ०.०० | ० | ३०,००,०००.०० |
| वातावरण तथा जलवायु | १,५७,००,०००.०० | ०.०० | ० | १,५७,००,०००.०० |
| विपद व्यवस्थापन | ३९,००,०००.०० | ०.०० | ० | ३९,००,०००.०० |
| शासन प्रणाली | १,७२,९०,०००.०० | २०,८१,५१७.०० | १२.०४ | १,५२,०८,४८३.०० |
| तथ्यांक प्रणाली | ५,००,०००.०० | ४,०३,९६४.०० | ८०.७९ | ९६,०३६.०० |
| अनुगमन तथा मूल्यांकन | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| वित्तीय सुशासन | ९,२०,०००.०० | ०.०० | ० | ९,२०,०००.०० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,९३,३३,६६०.०० | २,०१,०२,९१२.०७ | २०.२३ | ७,९२,३०,७४७.९३ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,९३,३३,६६०.०० | २,०१,०२,९१२.०७ | २०.२३ | ७,९२,३०,७४७.९३ |
| | ४९,३०,१८,६६०.०० | ६,६६,९३,०६०.१२ | १३.५२ | ४२,६३,२५,५९९.८८ |

सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः त्रिविक्रम खड्का (९८५७८३६०२२)

सूचना अधिकारी:शिव राज न्यौपाने (९८५७८६८०२७)

## प्रकाशकः

## सरुमारानी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बड्डाँडा,प्यूठान ।

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**